# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४७।८।२० को निर्णयानुसार कृषि सचिव श्री अक्रुरनरसिंह राणालाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.१ (३) अनुसार २०४७।८।२१ देखि सरकारी नोकरीबाट अवकाश दिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना २

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका का. मु. सचिव श्री रविदेव शर्मा इस्क्याव र हङकङ सामाजिक सेवा परिषद्को तत्वावधानमा आयोजना हुने श्री ५ को सरकार र गैर-सरकारी संस्थाबीच योजना तर्जुमा र सामाजिक सेवा उपलब्ध गराउने समेतको विषयको गोष्ठीमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा [निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्रीमती चपला पाण्डेलाई मिति २०४७।८।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह नेपाल थाईलैण्ड संयुक्त कार्यदलको बैठकमा भाग लिन बैंङ्कक प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री यादवकान्त सिलवाललाई मिति २०४७।८।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको अतिरिक्त सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।